विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/१०/२९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत महिनामा बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत पुस महिनामा बसेको कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | राजस्व सङ्कलन सम्बन्धी समीक्षा सम्बन्धमा। | हालसम्म सङ्कलन भएको राजस्व, समस्या, चुनौति र अवसरहरूको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। प्रक्षेपण अनुसारको राजस्व सङ्कलनका लागि थप प्रभावकारी ढङ्गले कार्य गर्न/गराउन एवम् सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्न राजस्व व्यवस्थापन महाशाखालाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | योजना सम्झौता र कार्यान्वयन सम्बन्धी समीक्षा सम्बन्धमा। | आ.व.२०७९/०८० का लागि पारित योजनाहरूको सम्वत् २०८० बैशाख १५ गते सम्ममा योजना सम्झौता गरिसक्ने र सम्झौता भएका योजनाहरूको तदारुकताका साथ गुणस्तरीय तवरले निर्माण कार्य सम्पन्न गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | Evacuation Center निर्माणका लागि स्थान यकिन सम्बन्धमा। | सङ्घीय सरकारद्वारा प्रदेश नं.१ को राजधानी विराटनगरमा सघन शहरी विकास कार्यक्रम अन्तर्गत निर्माण हुने Evacuation Center का लागि स्थान यकिन गरिदिन अनुरोध भइआएकोले विराटनगर महानगरपालिका वडा नं.१६ स्थित जुटमिल कम्पाउण्डभित्र हाल रहेको होल्डिङ् सेन्टरमा मर्मत लगायत इक्विपमेन्टसहितको व्यवस्था गर्नेगरी स्वीकृतिका लागि अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | वडा नं.१६ मा रहेको होल्डिङ् सेन्टर प्राप्ति र सोसँग जोडिएको जग्गामा सङ्घीय सरकारमार्फत हस्तान्तरण हुने करिब १० बिघा जग्गामा औद्योगिक ग्राम स्थापना सम्बन्धमा। | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई मध्यनजर गर्दै विराटनगर महानगरपालिकामा Evacuation Center निर्माण तथा सञ्चालनका लागि विराटनगर १६ मा रहेको होल्डिङ् सेन्टर प्राप्ति गर्न एवम् औद्योगिक ग्राम स्थापनाका लागि सोसँग जोडिएको करिब १० बिघा जग्गा प्राप्ति गर्न नेपाल सरकारलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | लेखा समिति सम्बन्धी कार्यविधि, २०७९ लगायत सम्बन्धमा। | महानगरपालिकाको सेवा प्रवाह तथा कार्य सम्पादनका लागि कानूनी आधार तय गर्न लेखा समिति सम्बन्धी कार्यविधि लगायत अन्य आवश्यक ऐन/नियमावली/कार्यविधि/निर्देशिकाहरूको मस्यौदा निर्माण गरी कार्यपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | विविध। | (क) नगर कार्यपालिकाको मिति २०७९/०९/१७ मा बसेको बैठकबाट विराटनगर महानगरपालिकाको प्रतीक चिन्ह (Logo) निर्माणका लागि मिति २०७९/०७/२८ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम प्राप्त लोगोहरूमध्ये उत्कृष्ट लोगो छनौट गरी कार्यपालिकालाई सिफारिस गर्न उपप्रमुख श्री शिल्पा निराला कार्कीको संयोजकत्वमा गठित छनौट समितिको सिफारिस बमोजिम उत्कृष्ट तीन वटा लोगोहरू (श्री नर कुमार |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

श्रेष्ठ, श्री विदुर दाहाल र श्री भोलानाथ पौड्यालले पेस गर्नुभएको लोगोहरू) मध्ये श्री नर कुमार श्रेष्ठले पेस गर्नुभएको लोगोलाई विराटनगर महानगरपालिकाको प्रतीक चिन्ह (Logo) को रुपमा प्रयोग गर्नेगरी आगामी नगर सभाबाट अनुमोदन हुनेगरी स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ख) विराटनगर महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि, २०७७ मा स्थायी ठेगाना विराटनगर महानगरपालिका भएका नागरिकका नाममा मात्र इ-रिक्सा दर्ता गर्ने व्यवस्था रहेकोमा यातायात व्यवस्थापन समितिको सिफारिस बमोजिम संवत् २०८० बैशाख मसान्तसम्ममा बढीमा चार हजार वटा इ-रिक्सा अन्यत्र ठेगाना भएका व्यक्तिहरूका नाममा नियमानुसार दर्ता गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ग) जिल्ला प्रशासन कार्यालय, मोरङको दक्षिणतर्फ रहेका सटरकवलहरू बहालमा लगाउन सार्वजनिक सूचना गरिएकोमा हाललाई सो सूचना बमोजिम प्राप्त दरभाउपत्रहरू नखोली उक्त प्रक्रियालाई रद्द गर्ने र फाराम शूल्क तथा धरौटी वापतको रकम सम्बन्धित व्यक्ति/संस्थालाई फिर्ता दिने सर्वसम्मतिले निर्णय गरियो।

(घ) विज्ञापन कर सङ्कलनका लागि हालको ठेक्का रकममा वार्षिक १०% थप गरी ३ वर्ष (आ.व.२०८०/०८१ देखि २०८२/०८३ सम्म) का लागि ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) विराटनगर महानगरपालिकाको बजार क्षेत्रमा व्यवसायिक प्रयोजनका लागि प्रयोग गरिने घर/भवन/कोठा/सटरकवलको न्यूनतम बहाल रकम निर्धारणका लागि सेवा प्रदायक संस्था वा व्यक्ति मार्फत प्रतिवेदन लिई निर्धारण गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(च) विराटनगर महानगरपालिका वडा नं.२ स्थित इस्टर्न सिटी डेभलपर्स प्रा.लि.को अपार्टमेन्ट परिसरभित्र सार्वजनिक बाटो कायम भएको जग्गा घटाई सम्पत्तिकर लिने र सम्पूर्ण जरिवाना मिनाहा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(छ) विराटनगर महानगरपालिका क्षेत्रभित्र निर्माण भएका सरकारी, संस्थागत, निजी वा जुनसुकै प्रकृतिको भवनको समेत नक्सा पास नगरी बनाइएको (तल्ला थपको नक्सा पास नगरेको समेत) र मापदण्ड अनुकूल रहेको भएमा त्यस्ता भवनहरूको २०७९ फागुन मसान्तभित्रमा नक्सा पेस गरी नक्सा स्वीकृत/नियमित गर्न एवम् भवन निर्माण सम्बन्धी प्रचलित मापदण्ड अनुकूल भएका तर नक्सा पास नगरी निर्माण गरिएका सीमा पर्खालको नियमित गर्ने प्रयोजनार्थ २०७९ फागुन मसान्तभित्र नक्सा पेस गर्न महानगरपालिकाबाट सूचित गरिएकोमा उक्त समयसीमालाई थप गरी सम्वत् २०८० बैशाख मसान्तसम्म कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

(ञ) विराटनगर महानगरपालिका क्षेत्रभित्र लाग्ने अस्थायी हाट बजार वापत बहाल बिटौरी शुल्क सङ्कलनका लागि आ.व.२०८०/०८१ देखि २०८२/०८३ सम्म तीन वर्षका लागि न्यूनतम ठेक्का रकम रु.७५,००,०००।– (पचहत्तर लाख रुपैयाँ) (कर बाहेक) कायम गरी ठेक्का व्यवस्थापन गर्न सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) भारत सरकारको सहयोगमा सञ्चालन हुने साना विकास परियोजना कार्यक्रम अन्तर्गत नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देहाय बमोजिमका विद्यालयहरूको भौतिक संरचना निर्माणका लगि प्रस्ताव पेश गर्ने एवम् उक्त आयोजनाहरूको २०% लागत साझेदारी महानगरपालिकाले ब्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) श्री जनता नमुना मा.वि., विराटनगर २ – रु.५० लाख
(२) श्री मदरसा तालिमुल कुरआन मा.वि., विराटनगर ८ – रु.५० लाख
(३) श्री ज्ञानकुञ्ज आ.वि., विराटनगर ८ – रु.५० लाख
(४) श्री महेन्द्र मा.वि., विराटनगर ८ – रु.१ करोड
(५) श्री पोखरिया मा.वि., विराटनगर ३ – रु.२ करोड

(ञ) महानगरपालिकाबाट प्रवाह हुने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि आवश्यक रणनैतिक योजना अवलम्बन गर्ने सन्दर्भमा भारतको दिल्ली सरकारले सञ्चालन गरेको "मोहल्ला क्लिनिक"को सम्बन्धमा अध्ययन अवलोकन गरी प्रतिवेदन गर्न सामाजिक विकास समितिका संयोजक तथा वडा नं.१ का वडाध्यक्ष श्री काजी बहादुर बस्नेत, कार्यालयको स्वास्थ्य महाशाखा प्रमुख, जनस्वास्थ्य अधिकृत सातौं श्री हैदर अली र अधिकृत छैटौं श्री रामहरी कोइरालालाई भ्रमणमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।

(ट) विराटनगर महानगरपालिकामा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन गर्न भेन्चर वेष्ट टु इनर्जी प्रा.लि. (Venture Waste to Energy P.Ltd. – Vw2E) सँग सम्झौताका लागि सम्झौता-पत्रको खाका अध्ययनका लागि वातावरण समितिमा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ठ) विराटनगर महानगरपालिका वडा नं.१ निवासी श्री राजेन्द्र प्रसाद हुमागाईंले मेनरोड उत्तर पानीटंकीदेखि पुष्पलाल चोकसम्मको सडक तथा नाला विस्तार र निर्माणको क्रममा सडकमा गाभिएको व्यक्तिगत जग्गा र भत्काइएको संरचना वापतको मुआब्जा प्राप्तिका लागि तत्कालीन पुनरावेदन अदालत, विराटनगर र सर्वोच्च अदालतको निर्णय संलग्न राखी पेस गर्नुभएको निवेदनको सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेस गर्न देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) श्री काजी बहादुर बस्नेत, वडा अध्यक्ष, वडा नं.१ – संयोजक
(२) श्री रुपा देउजा, न्यायिक समिति सदस्य/वडा सदस्य, वडा नं.९ – सदस्य
(३) श्री अर्जुन थपलिया, अधिकृत आठौं – सदस्यसचिव

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | (ड) विराटगनर महानगरपालिकाको रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक (स्थानीय सेवाको अधिकृतस्तर छैटौं सरह) पदमा नियमानुसार करारमा पदपूर्ति गर्नका लागि रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ६ बमोजिमको पदपूर्ति समितिमा उपदफा ६(क) र ६(ख) बमोजिम देहाय अनुसारका संयोजक र सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री मनोज घिमिरे, सेवानिवृत्त सुपरिटेन्डेन्ट ईन्जिनीयर (राजपत्राङ्कित प्रथम श्रेणी) – संयोजक<br>(२) श्री रिता खतिवडा, शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ (विषय विज्ञ) – सदस्य<br><br>(ढ) प्रदेश लोक सेवा आयोग, प्रदेश नं.१ को सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट विभिन्न मितिमा भएको अधिकृतस्तरका कर्मचारीहरूको स्थायी नियुक्तिको निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। साथै, अधिकृतस्तरका कर्मचारीहरूको स्वेच्छिक राजिनामा तथा अनिवार्य अवकाश स्वीकृतिको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयलाई अनुमोदन गरियो।<br><br>(ण) विगतदेखि अविच्छिन्न रुपमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत करार/सेवा करारका कर्मचारीहरूको म्याद थप सम्बन्धी प्रमुख र प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। एवम्, विभिन्न मितिमा आवश्यकताका आधारमा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट सेवा करार तथा दैनिक ज्यालादारीमा गरिएको नियुक्तिलाई समेत अनुमोदन गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल